## स्वदेशी उद्योगबाट उत्पादित कृषि औजार र प्रविधिमा प्रोत्साहन कार्यक्रम सञ्चालन कार्यविधि,२०८१

स्वीकृत मितिः २०८१/०७/२९

**प्रस्तावनाः** नेपालमा नै उत्पादित कृषि औजार र प्रविधिको प्रयोगमा वृद्धि गर्ने र त्यस्ता कृषि औजार र प्रविधिको उत्पादन गर्ने उद्योगलाइ प्रोत्साहन गर्दै कृषि क्षेत्रलाई यान्त्रिकरण मार्फत व्यवसायिक तथा आधुनिकिकरण गर्न टेवा पुर्‍याउने, आयात न्यूनिकरण र रोजगारीको अवसर सृजना गरी कार्यक्रम कार्यान्वयन गर्न प्रदेश विनियोजन ऐन, २०८१ को दफा ११ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयले यो कार्यविधि बनाएको छ ।

### परिच्छेद -१
### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "स्वदेशी उद्योगबाट उत्पादित कृषि औजार र प्रविधिमा प्रोत्साहन कार्यक्रम सञ्चालन कार्यविधि, २०८१"रहेको छ ।

(२) यो कार्यविधि स्वीकृत भएको मितिबाट लागू हुनेछ ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-

क. "आवेदक" भन्नाले बागमती प्रदेश भित्र कृषि प्रयोजनका लागि आवश्यक पर्ने मेशिनरी औजार, उपकरण र प्रविधि उत्पादन गर्ने प्रचलित कानून बमोजिम दर्ता भएका उद्योग, कम्पनी वा संस्था भन्ने बुझ्नुपर्छ।

ख. "कार्यक्रम" भन्नाले वार्षिक स्वीकृत कार्यक्रममा उल्लेख भएको स्वदेशी उद्योगबाट उत्पादित कृषि औजार र प्रविधिमा प्रोत्साहन कार्यक्रम र बजेट सम्झनु पर्छ ।

ग. "प्रदेश" भन्नाले बागमती प्रदेश सम्झनु पर्छ।

घ. "मन्त्रालय" भन्नाले प्रदेशको कृषि तथा पशुपन्छी विकास मन्त्रालय सम्झनु पर्छ।

ङ. "निर्देशनालय" भन्नाले मन्त्रालय मातहतको कृषि विकास निर्देशनालय सम्झनु पर्छ।

च. "साझेदार" भन्नाले कार्यक्रम सञ्चालनको लागि छनौट भएका आवेदक सम्झनु पर्छ।

छ. "स्थानीय तह" भन्नाले प्रदेशको गाउपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिका सम्झनु पर्छ।

ज. "कार्यालय" भन्नाले निर्देशनालय मातहतको कृषि विकास कार्यालय सम्झनु पर्छ ।

माननीय प्रकाश श्रेष्ठ
मन्त्री

## परिच्छेद-२

## कार्यक्रम सञ्चालन

३. <u>सूचना प्रकाशन</u>ः (१) निर्देशनालयले स्वदेशी उद्योगबाट उत्पादित कृषि औजार र प्रविधिमा प्रोत्साहन कार्यक्रम सञ्चालनका लागि २१ दिनको म्याद राखि अनुसूची-१ बमोजिमको सूचना प्रकाशन गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम सूचना प्रकाशन गर्दा माग बमोजिम आवेदन नपरेमा निर्देशनालयले दोश्रो पटक ७ दिनको समयसीमा राखि पुनः सूचना प्रकाशन गर्न सक्नेछ।

४. <u>प्रस्ताव दर्ता</u>:(१) कार्यक्रममा सहभागी हुन ईच्छुक आवेदकले अनुसुची-२ बमोजिमको निवेदनको साथ सोहि अनुसूचीमा उल्लेखित कागजातहरु र आफुले उत्पादन गरिरहेको वा थप गर्न सक्ने कृषि मेशिनरी औजार, उपकरण र प्रविधिको विवरण सहितको अनुसुची- ३ बमोजिमको प्रस्ताव र अनुसूची-४ बमोजिमको प्रतिवद्धता सहित निर्देशनालयमा तोकिएको अवधिभित्र निवेदन दर्ता गर्नुपर्नेछ ।

(२) प्रस्तावमा उल्लेखित भएका कृषि औजार उपकरण तथा प्रविधि नेपालमा नै उत्पादन भएको हुनुपर्नेछ ।

५. <u>मूल्याङ्कन समितिः</u> (१) प्रस्ताव मूल्याङ्कन गरी साझेदार छनौटको सिफारिस गर्न निर्देशनालयमा देहाय बमोजिमको मूल्याङ्कन समिति रहने छः-

| | |
|---|---|
| क. निर्देशक वा निजले तोकेको वरिष्ठतम अधिकृत, निर्देशनालय | -संयोजक |
| ख. अधिकृत, सम्बन्धित शाखा, निर्देशनालय | -सदस्य |
| ग. कृषि ईन्जिनियर/सव-ईन्जिनियर, निर्देशनालय | -सदस्य |
| घ. प्रमुख, आर्थिक प्रशासन शाखा, निर्देशनालय | -सदस्य |
| ङ. प्रमुख, खरिद एकाइ, निर्देशनालय | -सचिव |

(२) समितिमा आवश्यकता अनुसार बढीमा दुइ जनासम्म सम्बन्धित विषय विशेषज्ञलाई बैठकमा आमन्त्रण गर्न सकिनेछ ।

(३) आवेदकले अनुसूची-५ बमोजिमको मापदण्ड पुरा गर्नुपर्नेछ। मापदण्ड नपुगेका आवेदकहरुलाई मूल्याङ्कन प्रक्रियामा समावेश गरिनेछैन।

(४) उपदफा (१) बमोजिमको समितिको देहाय बमोजिमको काम, कर्तव्य र अधिकार हुनेछः

(क) प्रस्तावहरुको स्थलगत प्रमाणिकरण गर्ने,

(ख) प्रस्तावित कृषि औजार उपकरण र प्रविधि विदेशवाट आयात भए नभएको यकिन गर्ने,

(ग) मापदण्डमा रही प्रस्तावको मुल्याङ्कन गरी स्वीकृतिका लागि निर्देशनालय समक्ष सिफारिस गर्ने,



माननीय प्रकाश श्रेष्ठ
मन्त्री

६. <u>सम्झौता</u>ः (१) छनौट भएका आवेदकहरुलाई निर्देशनालयले निर्णय भएको मितिले ३ दिन भित्र ७ दिनको समयसीमा दिई निर्देशनालयमा सम्पर्कका लागि सूचना वा पत्राचार गरी जानकारी दिनुपर्नेछ।

(२) छनौट भएका आवेदकले सम्झौताका लागि निर्देशनालयमा सम्पर्क गर्नुपर्नेछ।

(३) साझेदारले सम्झौता गर्नु अघि सोहि प्रकृतिको कार्यक्रमको लागि अन्य तह र कार्यक्रमबाट दोहोरो सुविधा नलिएको प्रतिबद्धता पेश गर्नुपर्नेछ।

(४) निर्देशनालयले सम्झौताको समयसिमा तोक्न सक्नेछ। तोकेको समयसीमा भित्र सम्झौता हुन नआएमा क्रमशः दोश्रो प्राथमिकता प्राप्त साझेदारलाई छनौट गर्न बाधा पुग्नेछैन।

## परिच्छेद -३

## <u>आर्थिक पक्ष</u>

७. <u>साझेदार रकम तथा भुक्तानी प्रकृया</u>ः(१) वार्षिक स्वीकृत कार्यक्रम र बजेटको परिधिमा रही भुक्तानी गरिनेछ । साझेदारले उत्पादन गरेको कृषि औजार उपकरण र प्रविधिलाई अनुसुची-६ बमोजिम प्रोत्साहन रकम उपलब्ध गराइनेछ ।

(२) विदेशबाट पार्टपूर्जा आयात गरी कृषि औजार उपकरण तथा प्रविधि तयार गर्ने (मेक इन नेपाल) हकमा प्रति साझेदार बढिमा रु ३७.५ लाख तथा स्वदेश वा विदेशबाट कच्चा पदार्थको खरिद गरी कृषि औजार उपकरण तथा प्रविधि तयार गर्ने (मेड इन नेपाल) को हकमा प्रति साझेदार बढीमा रु. ५० लाख सम्म प्रोत्साहन रकम दिन सकिनेछ।

(३) साझेदारले प्रोत्साहन रकम भुक्तानी माग गर्दा उत्पादन भएका औजारहरुको विवरण, त्यसको लागत, उद्योगबाट बिक्रि भएको उपकरणको बिल बिजक (भ्याट बिल) सहितको विवरण, खरिद गर्ने उपभोक्ताको विवरण तथा अन्य आवश्यकता अनुसारका विवरण पेश गरेको हुनुपर्नेछ।

(४) साझेदारले उपदफा (३) बमोजिमको कागजात र भुक्तानी माग सहितको निवेदन पेश गरेपछि नियमानुसार एकमुष्ट साझेदारको बैंक खातामा निर्देशनालयले भुक्तानी गर्नेछ।

(४) कार्यक्रम बजेटको दुई प्रतिशत रकम कन्टिन्जेन्सी बापत छुट्याईनेछ र उक्त रकम सूचना प्रकाशन, ईन्धन, स्टेशनरी, प्रस्तावहरुको स्थलगत निरिक्षण एवं प्रमाणिकरण, अनुगमन खर्च, बैठक भत्ता, आदिमा खर्च गर्न सकिनेछ।

८. <u>साझेदारको कर्तव्यः</u> (१) साझेदारको कर्तव्य देहाय बमोजिमको हुनेछः

क. साझेदारले गुणस्तरीय कृषि औजार उपकरण तथा प्रविधिको उत्पादन आफैले गर्नुपर्नेछ।

ख. साझेदार प्रचलित ऐन बमोजिम सम्बन्धित निकायमा दर्ता भएको हुनुपर्नेछ।



माननीय प्रकाश श्रेष्ठ
मन्त्री

ग. गुणस्तर तथा क्षमता परीक्षण गर्नुपर्ने किसिमका औजारहरुको परीक्षण गरी प्रमाणिकरण गर्नुपर्नेछ।

घ. कृषकलाई बजारमुल्य भन्दा सहुलियत दरमा कृषि औजार उपकरण तथा प्रविधि उपलब्ध गराउने प्रतिबद्धता पेश गर्नु पर्नेछ।

ङ. साझेदारले स्वदेशी कामदारलाई उच्च प्राथमिकता दिदै कम्तीमा ८० प्रतिशत कामदार स्वदेशी हुनुपर्नेछ।

## परिच्छेद -४

## विविध

९. दोहोरोपना नहुने: यस कार्यक्रमलाई प्रभावकारी र व्यवस्थित बनाउन संघ/प्रदेश/स्थानीय तहबाट कार्यान्वयन हुने कार्यक्रम तथा आयोजनासँग दोहोरोपना नहुने गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्नेछ। साझेदारले दोहोरो सुविधा लिएको पाइएमा सम्पूर्ण प्रोत्साहन रकम प्रचलित ब्याज सहित असुल गरिनेछ ।

१०. कारबाही सम्बन्धी व्यवस्था: साझेदारले सम्झौता अनुरुप रकम लिई दुरुपयोग गरेको पाईएमा सरकारी बाँकी सरह असुल उपर गरिनेछ।

११. संशोधन: यो कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्चन परेमा मन्त्रालयले संशोधन गर्न सक्नेछ ।आर्थिक दायित्व/विषयमा प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयको राय/सहमती लिई संसधन गरिनेछ ।

१२. अनुगमन तथा मूल्याङ्कन: कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन मन्त्रालय, निर्देशनालय तथा कार्यालयले आवश्यकता बमोजिम गर्नेछ।

१३. प्रचलित कानून बमोजिम हुने: यस कार्यविधिमा उल्लेख भएका प्रकियाको सम्बन्धमा यसै कार्यविधि बमोजिम र अन्य विषयहरु प्रचलित कानून बमोजिम हुनेछ ।

माननीय प्रकाश श्रेष्ठ
मन्त्री

## अनुसूची -१

**(दफा ३ को उपदफा १ सँग सम्बन्धित)**

**सूचना**

प्रथम पटक प्रकाशित मितिः २०८१ / /

कृषि विकास निर्देशनालय.....को आ.व. ......को स्वीकृत वार्षिक कार्यक्रम .......... मा सहभागी हुन इच्छुक आवेदकहरुले यो सूचना प्रकाशित भएको २१औं दिनसम्ममा कार्यालय समय भित्र आईपुग्ने गरी देहाय बमोजिमका कागजात सहित निवेदन दर्ता गर्नुहुन आव्हान गरिन्छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागी समावेश हुन नसक्ने बेहोरा समेत जानकारी गराईन्छ।

**तपसिलः**

१. अनुसूची-२ बमोजिमको निवेदन,
२. संस्था दर्ता तथा नविकरण गरेको प्रमाणपत्र,
३. संस्थाको स्थायी लेखा नम्बर (PAN) दर्ता/नविकरण प्रमाण पत्रको प्रमाणित प्रतिलिपि,
४. संस्थाको प्रबन्ध पत्र,
५. अनुसूची-३ बमोजिमको प्रस्ताव पत्र,
६. अनुसुची-४ बमोजिमको प्रतिबद्धता पत्र,
७. सम्भव भएका औजार उपकरण र प्रविधिका परीक्षण प्रतिवेदन प्रतिलिपि,
८. वार्षिक कारोवारको विवरण खुल्ने प्रमाणित प्रतिलिपि,
९. संस्था रहेको सम्बन्धित स्थानीय तहको सिफारिस (औजार उपकरण र प्रविधिको विवरण खुल्ने),
१०. कार्यक्रमसँग सम्बन्धित अन्य कागजात ।

माननीय प्रकाश श्रेष्ठ
मन्त्री

अनुसूची -२

(दफा ४ को उपदफा १ सँग सम्बन्धित)

निवेदन

मिति :

श्रीमान प्रमुखज्यू,
कृषि विकास निर्देशनालय,
............।

विषय : कार्यक्रममा समावेश हुन पाउँ ।

महोदय,

प्रस्तुत विषयमा तहाँ (कार्यालयको नाम) बाट मिति ......मा प्रकाशित सूचना अनुसार ................................कार्यक्रम सञ्चालनका लागि तपसिलमा उल्लेखित आवश्यक कागजात यसैसाथ संलग्न गरी यो आवेदन पेश गरेको/गरेका छु/छौं । यस आवेदन साथ संलग्न कागजात तथा सूचनाहरु जाने बुझे सम्म ठीक छन्, यदि झुटो ठहरिएमा आवेदन खारेज गरी सो अनुसार कारवाही भएमा कानून बमोजिम सहुँला बुझाउँला ।

संलग्न कागजातहरु:

१. संस्थादर्ता तथा नविकरण गरेको प्रमाणपत्र,
२. संस्थाको स्थायी लेखा नम्बर(PAN) दर्ता/नविकरण प्रमाण पत्रको प्रमाणित प्रतिलिपि,
३. संस्थाको प्रवन्ध पत्र,
४. अनुसूची-३ बमोजिमको प्रस्ताव पत्र,
५. अनुसुची-४ बमोजिमको प्रतिवद्दता पत्र,
६. सम्भव भएका औजार उपकरण र प्रविधिका परीक्षण प्रतिवेदन प्रतिलिपि,
७. वार्षिक कारोवारको विवरण खुल्ने प्रमाणित प्रतिलिपि,
८. संस्था रहेको सम्बन्धित स्थानीय तहको सिफारिस (औजार उपकरण र प्रविधिको विवरण खुल्ने),
९. कार्यक्रमसँग सम्बन्धित अन्य कागजात ।

आवेदक

नामः

पदः

ठेगानाः

छापः



माननीय प्रकाश श्रेष्ठ
मन्त्री

अनुसूची-३

(दफा ४ को उपदफा १ सँग सम्बन्धित)

**प्रस्ताव फाराम**

| | | | | | | |
|---|---|---|---|---|---|---|
| क) प्राविधिक प्रस्तावः | | | | | | |
| १ | प्रस्तावित कार्यक्रमको नाम | | | | | |
| २ | उद्योग/संस्था सञ्चालन भएको क्षेत्र | | | | | |
| ३ | प्रोप्राईटरको नाम | | | | | |
| ५ | आवेदकको सम्पर्क टेलिफोन नं/., मोवाइल नं. | | | | | |
| ६ | आवेदकको email address | | | | | |
| ७ | आवेदक संस्थाको दर्ता नम्बर | | | | | |
| ८ | दर्ता भएको निकाय र दर्ता मिति | | | | | |
| १० | भ्याट /पान दर्ता नम्बर | | | | | |
| ११ | उद्योग/संस्थाको वार्षिक कारोवार | | | | | |
| १२ | उत्पादनको विवरण | | | | | |
| | कृषि औजार र प्रविधिको नाम | उत्पादकको विवरण | वार्षिक अनुमानित उत्पादन परिमाण | प्रति एकाइ उत्पादन लागत | हालको प्रति एकाइ बजार मूल्य | कैफियत |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| १३ | उद्योग/संस्थाबाट वार्षिक लाभान्वित भएका अनुमानित कृषक संख्या | | | | | |
| १४ | कार्यक्रम समाप्ति पश्चात अपेक्षित उपलब्धिहरु (बुंदागत रुपमा सम्भव भए परिमाण समेत खुलाउने): | | | | | |
| | अपेक्षित उपलब्धिहरु | | | | | परिमाण |
| | | | | | | |
| | | | | | | |
| १५ | वार्षिक रोजगारी श्रृजना (जना) (स्वदेशी र विदेशी खुलाउने) | | | | | |
| १६ | उद्योग/संस्थासँग अन्य निकायहरु समेत सामेल भए तिनको काम कर्तव्य र विवरण | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| १७ | उद्योग/संस्थाको शाखा/डिलर/सर्भिस सेन्टर भएमा सो को विवरण | | | | | |



माननीय प्रकाश श्रेष्ठ
मन्त्री

| | शाखा वा डिलरको नाम | ठेगाना | जिम्मेवारी |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

| | |
|---|---|
| १८ | आवेदकले विगत वर्षमा सम्पन्न गरेका उल्लेखनिय कार्यहरु (प्रस्तावित कार्यक्रमसंग मेल खाने मात्र): |
| | |
| | |
| | |
| | |

| | | |
|---|---|---|
| १९ | प्रस्तावित कार्यक्रम सम्बन्धी आवेदकको अनुभव र तालिम भए अवधी समेत खुलाउने : | |
| | कार्य अनुभव तथा तालिमहरु | अवधी |
| | | |
| | | |
| | | |
| | | |

| | | | |
|---|---|---|---|
| २० | आवेदकसंग विद्यमान जनशक्ति विवरणः | | |
| | जनशक्ति विवरण | शैक्षिक योग्यता | तालिमको नाम र अवधी |
| | | | |
| | | | |
| | | | |
| | | | |

ख) आर्थिक प्रस्तावः

तपसिल औजार उपकरण तथा प्रविधिको उत्पादन प्रोत्साहन रकम माग विवरणः

| क्र.सं. | औजार उपकरण | विवरण | एकाइ | परिमाण | प्रति एकाइ लागत दर रु | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |
| ४ | | | | | | |
| ५ | | | | | | |
| ६ | | | | | | |
| ७ | | | | | | |
| ८ | | | | | | |
| ९ | | | | | | |
| १० | | | | | | |



माननीय प्रकाश श्रेष्ठ
मन्त्री

| | | |
|---|---|---|
| जम्मा रकम रु. | | |
| उल्लिखित सम्पूर्ण विवरणहरु सही रुपमा पेशगरेको छु/छौं । कहिं कतै झुठो ठहरेमा कानुन बमोजिम सजाय भोग्न तयार रहेको बेहोरा समेत अवगत गराउँदछु/छौं। | | |
| आवेदक संस्थाको जिम्मेवार पदाधिकारीको | | |
| नामः | | |
| पदः | | |
| हस्ताक्षरः | | |
| मितिः | | |
| संस्थाको छाप | | |

माननीय प्रकाश श्रेष्ठ
मन्त्री

<u>अनुसुची ४</u>

<u>(दफा ४ को उपदफा १ सँग सम्बन्धित)</u>

<u>प्रतिवद्धता पत्रको ढाँचा</u>

.........................को मिति.........................को सूचना अनुसार **स्वदेशी उद्योगबाट उत्पादित कृषि औजार र प्रविधिमा प्रोत्साहन कार्यक्रममा** सहभागिताको लागि इच्छुक भई सोको लागि प्रस्ताव सहित आवेदन पेश गरेको/का छु/छौं। यस कार्यक्रम अनुसार प्राप्त गर्ने प्रोत्साहन रकम प्रयोजनका लागि उत्पादित औजार उपकरण बागमती प्रदेश भित्रै उत्पादन भएको हुनेछ। यस कार्यक्रमसँग सम्बन्धित हालसम्म कुनै पनि सरकारी निकायबाट वित्तिय सहयोग नलिएको र यहि प्रकृतिको प्रोत्साहन कार्यक्रममा यस आ.व.मा दोहोरो हुने गरी कुनै अनुदान/सहयोग नलिने प्रतिबद्धता पनि व्यक्त गर्दछु/छौं। साथै सञ्चालित क्रियाकलापबाट वातावरणलाई नकारात्मक असर नपुर्‍याउने बेहोरा तथा प्रतिबद्धता समेत व्यक्त गर्दछु/छौं।

नामः

पदः

संस्थाको नामः

ठेगानाः

सम्पर्क नं.:

दस्तखतः

मितिः

छापः

| दायाँ | बाँया |
|---|---|
| | |

माननीय प्रकाश श्रेष्ठ
मन्त्री

## अनुसुची ५

### (दफा ५ को उपदफा (३) सँग सम्बन्धित )

### आवेदकले पुरा गर्नुपर्ने मापदण्ड

१. आधिकारिक निकायमा संस्था दर्ता भएको हुनुपर्ने,

२. संस्थाको स्थायी लेखा नम्बर (PAN) दर्ता/नविकरण भएको हुनुपर्ने,

३. आवेदकले औजार उपकरण तथा प्रविधि नेपालमा नै उत्पादन गरेको वा गर्नुपर्ने,

४. कुनै पनि सरकारी निकायमा कालो सूचीमा नपरेको ।

माननीय प्रकाश श्रेष
मन्त्री

## अनुसुची-६

### दफा ७ को उपदफा (१) संग सम्बन्धित

### प्रोत्साहन रकम उपलब्ध हुने औजार उपकरणः

वार्षिक कार्यक्रम र बजेटको परिधिमा रही कार्यक्रम अन्तरगत स्वदेशी उद्योगबाट उत्पादन हुने कृषि औजार उपकरण र प्रविधिमा प्रति एकाई अधिकतम प्रोत्साहन रकम तपसिल अनुसार उपलब्ध गराईनेछ;-

| क.स. | कृषि सामाग्री | विवरण | मेड इन नेपालको हकमा अधिकतम प्रोत्साहन रकम प्रति एकाई रु. | कैफियत |
|---|---|---|---|---|
| १ | कोदालो | बिड बाहेक | ५० | |
| २ | कुटो | बिड बाहेक | २५ | |
| ३ | हँसिया | पुर्ण | २० | |
| ४ | खुर्पा | पुर्ण | ३० | |
| ५ | रेक | पुर्ण | ४० | |
| ६ | करौति/दतियाँ | पुर्ण | २० | |
| ७ | फरुवा/कोदाली | बिड बाहेक | ५० | |
| ८ | सिकेचर | | ५० | |
| ९ | प्रुनिङ सः | | १५० | |
| १० | हजारी | कम्तिमा ५ लि क्षमता | ३० | |
| ११ | म्यानुअल/ब्याट्रिस्प्रेयर | १६ लि क्षमता | २५० | |
| १२ | हाते स्प्रेयर | २-३ लि क्षमता | ३० | |
| १३ | हेज सियर | | ४० | |
| १४ | ग्राफ्टिङ/बडिङ नाईफ | | ३० | |
| १५ | कटिङ नाईफ | | ३० | |
| १६ | डिस्क मिल | | २००० | |
| १७ | ब्रस कटर | | २००० | |
| १८ | कम्बाईन मिल | | ४००० | |
| १९ | थ्रेसर | पेडल/ईलेक्ट्रिक | २००० | |
| २० | स्वचालित रिपर | | १०००० | |
| २१ | मल्टिक्रप थ्रेसर | ट्याक्टर जडित | २५००० | |



माननीय प्रकाश श्रेष्ठ
मन्त्री

| | | | | |
|---|---|---|---|---|
| २२ | धान थ्रेसर | ट्र्याक्टर जडित | २५००० | |
| २३ | रिपर | ट्याक्टर जडित | १५००० | |
| २४ | एस वा सी टाईप रोटाभेटर | ट्र्याक्टर जडित | १८००० | |
| २५ | कल्टिभेटर | ट्र्याक्टर जडित | ८००० | |
| २६ | सिडलिङ मेशिन | म्यानुअल | १५० | |
| २७ | पावर टिलर | | १५००० | |
| २८ | मिनिटिलर | डिजेल/पेट्रोल | ४००० | |
| २९ | पावर स्प्रेयर | | २००० | |
| ३० | पोटाटो ड्याङ मेकर | स्वचालित/म्यानुअल | ८०० | |
| ३१ | च्याफ कटर | ईलेक्ट्रिक/म्यानुअल | १५०० | |
| ३२ | मल्चिङ्ग प्लास्टिक | प्रति वर्ग मिटर | १ | |
| ३३ | थोपा सिचाइ पाइप | प्रति मिटर | २ | |
| ३४ | ग्रो ब्याग | प्रति पिस | ४ | |
| ३५ | पोखरी प्लास्टिक(न्युनतम २५० जि एस एम) | प्रति वर्ग मिटर | २५ | |
| ३६ | सेड नेट | प्रति किलो | २५ | |
| ३७ | Hand Corn Sheller (Manual) | प्रति पिस | २० | |
| ३८ | मकै गोडने मेशिन (Manual) | प्रति पिस | ५०० | |
| ३९ | Earth Auger (Manual) | प्रति पिस | १५० | |
| ४० | मह मदानी (न्युनतम ८ फ्रेम) | प्रति पिस | ३००० | |
| ४१ | मैन बाकस | प्रति पिस | १२०० | |
| ४२ | धुँवा दानी | प्रति पिस | १०० | |
| ४३ | हाइभटुल | प्रति पिस | ४० | |
| ४४ | पोल्ट्रि फिडर/डीप लि | प्रति पिस | ७० | |
| ४५ | कुखुरा भुत्ल्याउने मेसिन (डिफिदरिङ्ग मेसिन) | प्रति पिस | ६००० | |
| ४६ | महाजाल | प्रति पिस | ६००० | |
| ४७ | केराको खम्बाबाट रेसा निकाल्ने मेसिन | प्रति पिस | १५००० | |
| ४८ | गोबर पेल्ने मेसिन( Dung dewatering machine) | प्रति पिस | ४०००० | |

नोटः मेक इन नेपालको हकमा अधिकतम सीमा मेड इन नेपालको प्रति इकाइ प्रोत्साहन रकमको ७५ प्रतिशत हुनेछ ।



माननीय प्रकाश श्रेष्ठ
मन्त्री